लोक सेवा आयोग
पोखरा कार्यालय
पार्दी, पोखरा
फोनः- ०६१-४५३१४५, फ्याक्सः- ०६१-४५३५०६, Website: www.psc.gov.np, Email: pokhara@psc.gov.np

# सब-इञ्जिनियर पदको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना

सूचना नं. १५/०८०-८१, मिति २०८०/०४/२९

लोक सेवा आयोग, पोखरा कार्यालय, पोखराको वि.नं. **१२९५१/२०७९-८० (आ.ज.), नेपाल इञ्जिनियरिङ्ग सेवा, सिभिल समूह, जनरल उपसमूह, रा.प.अनं. प्रथम श्रेणी (प्राविधिक), सब-इञ्जिनियर पद**मा **पोखरा परीक्षा केन्द्र** राखी दरखास्त स्वीकृत भएका उम्मेदवारहरूको प्रतियोगितात्मक लिखित परीक्षा नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड र आयोगबाट स्वीकृत संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ पालना गर्ने गराउने गरी देहाय बमोजिमको परीक्षा केन्द्रमा सञ्चालन हुने गरी परीक्षा केन्द्र कायम गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । उम्मेदवारहरूले लोक सेवा आयोगको पूर्व सूचना अनुसार पुनः आवेदन (Re Apply) गरेपछि कायम भएको रोल नम्बर समावेश भएको प्रवेशपत्र लिई परीक्षा दिन जानुपर्ने छ ।

साथै सहयोगी लेखक आवश्यक पर्ने उम्मेदवारहरूले सहयोगी लेखक माग गर्नु पर्ने कारण र प्रमाणसहितका कागजात संलग्न राखी लोक सेवा आयोग नियमावली, २०७९ को नियम ६८(१) बमोजिम परीक्षा सुरू हुने मिति भन्दा १० (दश) दिन अगावै यस कार्यालयमा निवेदन दिनु पर्नेछ । परीक्षार्थीहरूले अनिवार्य रूपमा पालना गर्नुपर्ने विषयहरू द्रष्टव्य १ र २ मा तल उल्लेख गरिएको छ ।

## परीक्षा कार्यक्रम

| पत्र | विषय | परीक्षा प्रणाली | परीक्षा मिति र समय | समय अवधि |
|---|---|---|---|---|
| प्रथम | सामान्य ज्ञान र सामान्य अभिक्षमता परीक्षण (General Awareness & General Aptitude Test) | वस्तुगत बहुवैकल्पिक (Objective MCQs) | २०८०/०५/१२ गते बिहान ७:०० बजे | ४५ मिनेट |
| | सेवा सम्बन्धित कार्य ज्ञान (Job Based Knowledge) | | | |
| द्वितीय | सेवा सम्बन्धित कार्य ज्ञान (Job Based Knowledge) | विषयगत (Subjective) | २०८०/०५/१२ गते बिहान ८:१५ बजे | २ घण्टा १५ मिनेट |

## परीक्षा भवन

| सि.नं. | रोल नं. | | उम्मेदवार संख्या | परीक्षा भवन |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| १ | ४५०००१ | बाँकी सबै | सबै | श्री लोक सेवा आयोग, पोखरा कार्यालय, पार्दी, पोखरा । |

**द्रष्टव्यः-१**

क) परीक्षा सञ्चालन हुने दिन अप्रत्याशित बिदा पर्न गएमा पनि आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुने छैन ।

ख) परीक्षामा **कालो मसी मात्र प्रयोग** गर्नुपर्नेछ ।

लोक सेवा आयोग

# पोखरा कार्यालय

## पार्दी, पोखरा

फोनः- ०६१-४५३१४५, फ्याक्सः- ०६१-४५३५०६, Website: www.psc.gov.np, Email: pokhara@psc.gov.np


ग) **वस्तुगत बहुवैकल्पिक (Multiple Choice) भएका प्रश्नको उत्तर लेख्दा अंग्रेजी ठूलो अक्षर (Capital Letter) मा A, B, C, D लेखिएको उत्तरलाई मात्र मान्यता दिइनेछ ।**

घ) वस्तुगत बहुवैकल्पिक प्रश्नमा क्यालकुलेटर प्रयोग गर्न पाइने छैन ।

ङ) परीक्षा भवनमा मोबाइल तथा विद्युतीय सामाग्री निषेध गरिएको छ ।

च) परीक्षार्थीले अनिवार्य रूपमा आफ्नो प्रवेशपत्र लिई परीक्षा भवनमा जानुपर्नेछ ।

छ) तोकिएको परीक्षा केन्द्र बाहेक अन्य परीक्षा केन्द्रमा सहभागी गराइने छैन ।

ज) परीक्षार्थीले परीक्षामा आउँदा नेपाली नागरिकताको प्रमाणपत्र  वा सरकारी कार्यालयबाट जारी भएको फोटो सहितको कुनै एक सक्कलै प्रमाणपत्र लिई उपस्थित हुनुपर्नेछ ।

**द्रष्टव्यः-२ संक्रमणको विशेष अवस्थामा परीक्षा सञ्चालन (संचालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ अनुसार परीक्षार्थीले देहायका विषयहरुको पूर्ण पालना गर्नुपर्नेछ ।**

क) परीक्षा शुरु हुनु भन्दा एक घण्टा अगावै परीक्षा केन्द्रमा आइपुग्नुपर्नेछ ।

ख) परीक्षा केन्द्र प्रवेश अघि अनिवार्य रुपमा मास्क लगाउनु पर्नेछ ।साथै उम्मेदवार स्वयंले आफ्नो प्रयोजनको लागि मास्क, स्यानिटाइजर तथा खानेपानीको व्यवस्था गर्नुपर्नेछ ।

ग) परीक्षा केन्द्र प्रवेश गर्दा, शौचालय जाँदा आउँदा परीक्षा केन्द्रबाट बाहिरिदा भिडभाड नगरीकन एक आपसमा स्वास्थ्य सुरक्षा मापदण्ड पालना हुनेगरी भौतिक दुरी कायम गर्नु पर्नेछ ।

घ) परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नुपर्नेछ ।

ङ) परीक्षार्थीहरु समूहमा भेला हुने, कुराकानी गर्ने गर्नु हुँदैन ।

च) कोभिड-१९ बाट संक्रमित परीक्षार्थीलाई लोक सेवा आयोगकै भवनमा विशेष परीक्षा केन्द्रबाट परीक्षा दिने व्यवस्था गरिएको हुँदा संक्रमित परीक्षार्थीले मोबाइल नम्बर ९८५६०८५१४५ वा ९८६२०४७५२० मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| ......................... | ................................ | .............................. |
|---|---|---|
| विकास बस्नेत | टंक प्रसाद पन्थी | ज्ञानेन्द्र पराजुली |
| (नायब सुब्बा) | (शाखा अधिकृत) | (उप-सचिव) |